# पाठ - 10
## फजरको दुई रकअत

# الدرس العاشر - نيبالي
## ركعتا الفجر

रसूल ﷺ ले जुन् सुन्नतहरुलाई सँधै पढनु हुन्थे र कहिले पनि छाड्दैनन्थे त्यस मध्ये फजरको दुई रकअत सुन्नत पनि हो, हजरत आइशाको हदीसमा छ कि

أَنَّ النَّبِيَّ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ لَمْ يَكُنْ عَلَى شَيْءٍ مِنَ النَّوَافِلِ أَشَدَّ مُعَاهَدَةً مِنْهُ عَلَى رَكْعَتَيْنِ قَبْلَ الصُّبْحِ

नबी ﷺ फजरको दुई रकअत सुन्नत बाहेक अरु कुनै नफिल नमाजको पालन त्यति गर्दैनन्थे (मुत्तफकुन्अलैह - ११६३, ७२४)
र यस कारणले पनि कि नबी ﷺ ले ती दुवै रकअतको बारेमा भन्नु भएको छ
ती दुई रकअत मेरो लागि समस्त संसार भन्दा अधिक प्रिय छन (मुस्लिम- ७२५)
साथै सुन्नत यो हो कि ती दुई रकअतलाई लामो गरेर न पढने बरु हलका पढने, किन भने नबी ﷺ ले यस्तै पढनु भएको छ, र जसले फजर नमाज भन्दा अघि ती दुई रकअत पढन पाएन भने नमाज समाप्त भए पछि त्यसलाई कजा गर्न पाउँछ, तर उत्तम यो हो कि सूर्य उदय भएर एक हात बराबर माथि आइ पुगे देखि सूर्य ढलने समय सम्म कजा गरिहाल्ने ।

## चाश्तको नमाज

यो अव्वाबीन अर्थात क्षमा चाहनेवालाहरुको नमाज हो, र यो सुन्नते मुअक्कदा हो, धेरै हदीसहरु द्वारा यस माथि प्रेरित गराइएको छ, अबुजर ﷺ को हदीसमा छ कि रसूल ﷺ ले भन्नु भयो

يُصْبِحُ عَلَى كُلِّ سُلاَمَى مِنْ أَحَدِكُمْ صَدَقَةٌ، فَكُلُّ تَسْبِيحَةٍ صَدَقَةٌ، وَكُلُّ تَحْمِيدَةٍ صَدَقَةٌ، وَكُلُّ تَهْلِيلَةٍ صَدَقَةٌ، وَكُلُّ تَكْبِيرَةٍ صَدَقَةٌ، وَأَمْرٌ بِالْمَعْرُوفِ صَدَقَةٌ، وَنَهْيٌ عَنِ الْمُنْكَرِ صَدَقَةٌ، وَيُجْزِئُ مِنْ ذَلِكَ رَكْعَتَانِ يَرْكَعُهُمَا مِنَ الضُّحَى

प्रत्येक बिहान तिमीहरुको हरेक जोड माथि एउटा सदका अर्थात दान अनिवार्य हुन्छ, र प्रत्येक तस्बीह सदका हो, प्रत्येक तहमीद सदका हो, प्रत्येक तहलील सदका हो, प्रत्येक तक्बीर सदका हो, सुकर्मको हुकुम दिनु सदका हो, र दुष्कर्मबाट रोक्नु सदका हो, र चाश्तको नमाज ती सबैको तर्फबाट प्रयाप्त भइहाल्छ (मुस्लिम - ७२०) अबूहुरैरह ﷺ ले भन्नु भएको छ कि

أَوْصَانِي خَلِيلِي بِثَلاَثٍ لاَ أَدَعُهُنَّ حَتَّى أَمُوتَ: «صَوْمِ ثَلاَثَةِ أَيَّامٍ مِنْ كُلِّ شَهْرٍ، وَصَلاَةِ الضُّحَى، وَنَوْمٍ عَلَى وِتْرٍ

मेरो स्वामी मुहम्मद ﷺ ले मलाई तीन कुराको वसियत गर्नु भएको छ कि मृत्यु सम्म त्यसलाई न छोड्नु, प्रत्येक महिनामा तीन दिन बर्त बस्नु, र चाशतको नमाज पढ्नु, र सुतनु भन्दा पहिले वित्रको नमाज पढ्नु (मुत्तफकुन अलैह - ११७८, ७२१)
यसको उत्तम समय दिन चढेको र कडा घाम लागेको समय हो, र सूर्य ढलनको साथै यसको समय समाप्त भइहाल्छ, कम्तिमा दुई रकअत पढनु पर्छ र अधिकको कुनै सिमा छैन ।